*सभाबाट पारित मिति : २०७५।०३।१९*

# आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरूका लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्नेसम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना:** आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरूका लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २०८ बमोजिमको कर्णाली प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "कर्णाली प्रदेश विनियोजन ऐन, २०७५" रहेको छ।

(२) यो ऐन २०७५ श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०७५/०७६ को निमित्त प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकार:** आर्थिक वर्ष २०७५/०७६ को निमित्त अनुसूची-१ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम रु. ७५,५०,०००।—(अक्षरेपी पचहत्तर लाख पचास हजार) बाहेक अनुसूची-२ को महल २ मा उल्लिखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरूका निमित्त सोही अनुसूचीको महल ३ मा उल्लिखित चालू खर्च र महल ४ मा उल्लिखित पूँजीगत खर्च तथा महल ५ मा उल्लिखित वित्तीय व्यवस्थातर्फको रकम समेत गरी महल ६ मा उल्लिखित जम्मा रू. २८,२७,५२,७८,०००।– (अक्षरेपी अठ्ठाइस अर्व सत्ताइस करोड बाउन्न लाख अठहत्तर हजार) मा नबढाई निर्दिष्ट गरिएबमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजन:** (१) यस ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/०७६ को निमित्त अनुसूची-२ को महल २ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-२ को महल २ मा उल्लिखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा



प्रदेश सभा सचिवालय कर्णाली प्रदेश

रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्चतर्फका शीर्षकमा विनियोजित रकम पूँजीगत तर्फकै खर्च शीर्षकबाहेक चालूखर्च शीर्षकमा रकमान्तर गर्न सकिने छैन ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अर्थ विविध शीर्षकमा विनियोजन भएको रकम जुन जुन शीर्षकमा निकासा र खर्च हुने हो सोही शीर्षकमा जतिसुकै रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन।

(४) यो ऐनबमोजिम विनियोजित रकमको निकासा तथा खर्च व्यवस्थापन प्रदेश आर्थिक कार्यविधि ऐन बमोजिम हुनेछ ।

प्रदेश सभा सचिवालय कर्णाली प्रदेश

अनुसूची -१

(दफा २  सँग सम्बन्धित)

नेपालको  संविधान बमोजिम

**प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम**

**रु. हजारमा**

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| **क्र.स.** | **निकायहरूको नाम** | **चालूखर्च** | **पूँजीगत खर्च** | **वित्तीय व्यवस्था** | **जम्मा** |
| १ | प्रदेश सभा सचिवालय<br>**(प्रदेश सभामुख र उपसभामुखको पारिश्रमिक र सुविधा)** | ७५५० | ० | ० | ७५५० |
| | जम्मा | ७५५० | ० | ० | ७५५० |

प्रदेश सभा सचिवालय कर्णाली प्रदेश

अनुसूची -२

(दफा २ र ३ सँग सम्बन्धित)

प्रदेश सञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क.स. | निकायहरूको नाम | चालू खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
| १ | प्रदेश सभा सचिवालय | ९८४९० | ४०५०० | | १३८९९० |
| २ | मुख्य न्यायधिवक्ताको कार्यालय | १४०५४ | २६०० | | १६६५४ |
| ३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १४३३२० | ४५९०० | | १८९२२० |
| | क) कर्णाली उज्यालो कार्यक्रम | ० | ५००००० | | ५००००० |
| | ख) एकीकृत वस्ती विकास कार्यक्रम | ० | २५०००० | | २५०००० |
| | ग) कर्णाली प्रदेश आकस्मिक कोष | १०००० | ० | | १०००० |
| ४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ५४४८८० | ४६८९०० | | १०१३७८० |
| ५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ७७८०० | २३५०० | | १०१३०० |
| | क) प्रदेश लेखा नियन्त्रक कार्यालय | १२९७० | ३५०० | | १६४७० |
| ६ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ७१७७५० | ११३७००० | | १८५४७५० |
| ७ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १३८०६५७ | ४७३६०० | | १८५४२५७ |
| ८ | भौतिक पूर्वाधार विकास मन्त्रालय | १५८७२० | ५७८८८०० | | ५९४७५२० |
| ९ | सामाजिक विकास मन्त्रालय | ६२६४५४ | ११७०५०० | | १७९६९५४ |
| १० | अर्थ विविध | | | | |
| | क) भैपरी आउने | ५१०९६३ | ३३०२७० | | ८४१२३३ |
| | ख) स्थानीय साझेदारी कोष | ० | ६००००० | | ६००००० |
| | ग) कर्णाली पूर्वाधार विकास कोष | ५००००० | ५६१०००० | | ६११०००० |
| | घ) स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान | ० | ० | ४००००० | ४००००० |
| ११ | संघीय सरकारबाट प्राप्त सशर्त अनुदान | १८३४८७७ | ४७९९२७३ | | ६६३४१५० |
| कूल जम्मा | | ६६३०९३५ | २१२४४३४३ | ४००००० | २८२७५२७८ |

प्रदेश सभा सचिवालय कर्णाली प्रदेश

कर्णाली प्रदेश सभाको सम्वत् २०७५ साल आषाढ १९ गते बसेको बैठकले नेपालको संविधानको धारा १९९ बमोजिम यो विधेयक पारित गरेको व्यहोरा संविधानको धारा २०१ बमोजिम प्रमाणित गर्दछु ।

.........................................

राज बहादुर शाही

सभामुख

कर्णाली प्रदेश

प्रदेश सभा सचिवालय कर्णाली प्रदेश